# कालीगण्डकी गाउँपालिकाको तिन सन्तान परिवार सहायता कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावना :

नेपाल सरकारद्वारा सम्पन्न गरिएको राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन तथा त्यसमा आधारित जनसंख्या प्रक्षेपण अनुसार कालीगण्डकी गाउँपालिकाको कुल जनसंख्या आगामी करिब ३० वर्षको अवधिमा घट्दै गई करिब ५,००० को हाराहारीमा सीमित हुने अनुमान गरिएको छ । यो अवस्था स्थानीय तहको दीर्घकालीन सामाजिक, आर्थिक तथा संस्थागत विकासका दृष्टिले गम्भीर चुनौतीका रूपमा देखिएको छ। विशेष गरी जन्मदरको कमी, युवाशक्ति बाहिरिने प्रवृत्ति, वैदेशिक रोजगारी, शहरीकरण तथा बसाइ सराईका कारण गाउँपालिकाको जनसंख्या वृद्धिदर निरन्तर घट्दो अवस्थामा रहेको यथार्थ स्पष्ट छ।

जनसंख्या घट्दै जानु भनेको श्रमशक्ति अभाव, विद्यालयमा विद्यार्थी संख्या घट्नु, सेवा प्रवाहमा असन्तुलन, स्थानीय अर्थतन्त्र कमजोर हुनु तथा भविष्यमा गाउँपालिकाको दिगो विकासमा प्रतिकूल असर पर्नु हो । यस सन्दर्भमा कालीगण्डकी गाउँपालिकाले चालु आर्थिक वर्षमा जनसंख्याको घट्दो दरलाई रोक्ने, परिवारलाई सन्तान जन्मप्रति सकारात्मक प्रेरणा दिने तथा दीर्घकालीन जनसांख्यिकीय सन्तुलन कायम गर्ने उद्देश्यले तीन सन्तान जन्माउने परिवारलाई प्रोत्साहन स्वरूप नगद पुरस्कार उपलब्ध गराउने नीति अवलम्बन गरेको छ।

उक्त नीति योजनाबद्ध, पारदर्शी, तथ्यमा आधारित र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्पष्ट मापदण्ड, प्रक्रिया तथा कार्यप्रणाली आवश्यक भएकोले यो कार्यविधि तयार गर्न लागिएको हो । यस कार्यविधि मार्फत योग्य लाभग्राहीको पहिचान, अनुदान वितरणको प्रक्रिया, अनुगमन तथा उत्तरदायित्व सुनिश्चित गर्दै कार्यक्रमलाई स्थानीय आवश्यकतासँग जोडिएको *दिगो जनसंख्या व्यवस्थापनको एक महत्वपूर्ण उपायका रूपमा कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ ।*

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नामः यो कार्यविधिको नाम "कालीगण्डकी गाउँपालिकाको तिन सन्तान परिवार सहायता कार्यान्वयन कार्यविधि, २०८२" रहनेछ ।

२. प्रारम्भः यो कार्यविधि कालीगण्डकी गाउँपालिकाको २०८२/०४/०१ गतेदेखि जन्म भएका बच्चा तथा परिवारमा लागू हुनेछ ।

३. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात सम्बन्धित गाउँपालिकाको आधिकारिक वेभसाईटमा समेत राखी सार्वजनिक गरिनेछ ।

४. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

हिम बहादुर थापा
गा. पा. अध्यक्ष

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्धा, स्याङ्जा
२०७३

(क) "कार्यविधि" भन्नाले कालीगण्डकी गाउँपालिकाको तिन सन्तान परिवार सहायता कार्यान्वयन कार्यविधि २०८२ लाई सम्झनुपर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले कालीगण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले कालीगण्डकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालीगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "जनसंख्या" भन्नाले कालीगण्डकी गाउँपालिकामा स्थायी बसोबास गरेका सम्पूर्ण नागरिकहरुलाई सम्झनु पर्दछ ।

(च) "सन्तान" भन्नाले जिवित छोरा, छोरी तथा तेश्रो लिङ्गीलाई सम्झनुपर्दछ ।

(छ) "जनसंख्याको ऋणात्मक बृद्धि" भन्नाले कुल जनसंख्या घट्दो क्रमलाई सम्झनुपर्दछ ।

(ज) "जन्म" भन्नाले नव जन्म शिशुलाई सम्झनुपर्दछ ।

(झ) "मृत्यु" भन्नाले जीवन गुमाउनु वा समाप्त हुने सम्झनुपर्दछ।

(ञ) "वसाईं सराई" भन्नाले एक क्षेत्र बाट अर्कोक्षेत्रमा बसोबास गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(ट) "पोषण" भन्नाले शरीरिक तथा मानसिक विकासका लागि आवश्यक पर्ने पौष्टिक आहारलाई सम्झनुपर्दछ

(ठ) "भत्ता" भन्नाले दफा ९ बमोजिम लाभग्राहीले प्राप्त गर्ने रकमलाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## उद्देश्य

५. (क) प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता गर्दै प्रजनन् दर र जनसंख्याबीच सन्तुलन कायम गर्नु ।

(ख) गुणस्तरीय जनसंख्या व्यवस्थापन गरी प्रजनन् दर र जनसंख्यागतबीच सन्तुलन कायम राखी नीतिगत, प्रणालीगत कार्यक्षेत्रमा सुधार गरी उत्प्रेरणात्मक कार्यक्रम संचालन गर्ने।

(ग) नागरिकहरुको स्वास्थ्य पहुँचमा अभिवृद्धि गरी स्वास्थ्य बिमा मार्फत सबै नागरिकको पहुँच पुऱ्याएर स्वास्थ्य उपचारमा आर्थिक सहायता प्रदान गर्ने।

(घ) बाह्य बसाईंसराईलाई निरुत्साहित गरी आन्तरिक बसाइ सराईलाई व्यवस्थित गर्न।

(ङ) बच्चालाई कुपोषण हुनबाट जोगाउन र शारीरिक, मानसिक बृद्धि विकास गर्न।

(च) लामो समय बसाईं सराई नगरेर पुख्यौंली थलोमा बसोबास गर्नेलाई प्रोत्साहन गर्न।

(छ) अन्यत्र ठाउँबाट बसाईं सराई गराएर एकिकृत बस्ती विकास (न्युनतम् पूर्वाधार युक्त आवास क्षेत्र विकास) गर्ने ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्धा, स्याङ्जा
२०७३

## परिच्छेद -३

## कार्यान्वयन प्रकृया

६. गाउँपालिकाले तिन सन्तान जन्माउने बच्चालाई प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) कालीगण्डकी गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण र २ भन्दा बढी सन्तान जन्म भएको हुनुपर्नेछ।

(ख) जन्मिएको सन्तान नेपाल सरकारको सूचिकृत स्वास्थ्य संस्थामा जन्मिएको हुनुपर्नेछ ।

(ग) अनिवार्य रुपमा बच्चा जन्मेदेखि २ वर्षसम्म गाउँपालिका क्षेत्रमा बसोबास गर्नुपर्नेछ। अबिच्छिन्न ६ महिना भन्दा बढी गाउँपालिका भन्दा बाहिर बसेमा स्वत:सेवावाट बञ्चित गरिने छ ।

(घ) उपदफा ६(ग) मा जे लेखियको भएता पनि कुनै पनि परिवार अन्यत्र ठाउँबाट बसाइ सराईं गरि आएको खण्डमा सो परिवारको बच्चा जन्मे देखि १ वर्ष उमेर भित्र यो ऐन लागु हुनेछ।

(ङ) कालीगण्डकी गाउँपालिकाभित्र बसोबास गर्ने एउटै आमा बुवाबाट जन्मेका ३ सन्तान हुनुपर्नेछ ।

७. विवरण पेश गर्नुपर्ने:

(क) सूचिकृत भएका स्वास्थ्य संस्थाको जन्मदर्ता प्रमाण पत्रको फोटो कपी।

(ख) नेपाली नागरिकता, विवाह दर्ता प्रमाण पत्रको फोटो कपी ।

(ग) निवेदन पेश गरेको मिति भन्दा अगाडी गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने कर चुक्ता भएको रसिदको फोटोकपी ।

८. वडा कार्यालयको कर्तव्य: यस कार्यविधि बमोजिम दफा ७ मा उल्लेख भएका कागजातहरु वडा कार्यालयमा पेश भएको मितिले सात दिन भित्र सम्बन्धित वडा कार्यालयको सिफारीस सहित गाउँकार्यपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

९.भुक्तानी: सम्बन्धित वडा कार्यालयबाट लाभग्राहीको लागि कार्यविधि बमोजिमका कागजातहरु पुरा भई सिफारिस भई आएमा मासिक चार हजार रुपैयाँ लाभग्राहीको रकम सम्बन्धित बैंङ्कमा जम्मा गर्नु पर्ने छ ।

## परिच्छेद ४

## अनुगमन

१०. अनुगमन सम्बन्धी व्यवस्था: यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाले देहाय बमोजिमको अनुगमन समितिको व्यवस्थापन गर्नेछ।

संयोजक: उपाध्यक्ष कालीगण्डकी गाउँपालिका

स्थानीय सरकार कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिर्घा, स्याङ्जा २०७३

खिम बहादुर थापा गा. पा. अध्यक्ष

सदस्यः प्रशासकीय अधिकृत कालीगण्डकी गाउँपालिका

सदस्यः लेखा प्रमुख वा प्रतिनिधि कालीगण्डकी गाउँपालिका

सदस्य सचिवः स्वास्थ्य संयोजक

११. अनुगमन समितिको काम कर्तव्य अधिकारः

क. पहिचान भएका लाभग्राहीहरुको लागि अनुगमन नियमनका लागि समितिको बैठक प्रत्येक चौमासिकमा बस्नेछ।

ख. कार्यक्रमको प्रभावकारिता सम्बन्धमा समितिले गाउँपालिकालाई सल्लाह सुझाव दिने छ।

(ग) यस कार्यविधिमा लेखिए बमोजिमका कागजातहरु पेश गरे नगरेको एकिन गरी तोकिए बमोजिमका कागजात पेश नगरेका लाभग्राहीहरुको विवरण गाउँकार्यपालिकामा पेश गर्ने ।

(घ) झुठ्ठा विवरण पेश गरेको नियमका अनुसार कारवाहीका लागि सिफारिस गर्ने।

१२.बाधा अड्काउ फुकाउने अधिकारः

यस कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कालीगण्डकी गाउँकार्यपालिकाले सो बाधा अड्काउ फुकाउनका लागि आदेश गर्न सक्नेछ ।

१३. कार्यविधिमा भए बमोजिम गरेको मानिनेः

कालीगण्डकी गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए/गरेको मानिने छ ।

१४. खारेजी तथा बचाउः यो कार्यविधि नेपाल सरकार तथा प्रदेश सरकारसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
२०७३

अनुसूची १

(दफा ७ सँग सम्बन्धित)

**तिन सन्तान बच्चाका लागि पोषण भत्ता माग गर्न गाउँपालिकामा पेश गर्ने निवेदन ।**

मिति :..............................

श्रीमान वडा अध्यक्ष ज्यू,

............नं. वडा कार्यालय...... स्याङ्जा ।

**विषय : तिन सन्तान बच्चाको लागि पोषण भत्ता रकम उपलब्ध गराईदिनुहुन।**

प्रस्तुत विषयमा स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिका वडा नं.- ......................... वस्ने म निवेदक / मेरो आमा/वुवा.......................... को मिति.................मा ............अस्पताल/नसिङ्ग होम/वर्थिङ्ग सेन्टर ..........मा तेश्रो जन्म भएकोले यस गाउँपालिकाबाट प्राप्त हुने ३ सन्तानका लागी पोषण भत्ता रकम उपलब्ध गराईदिनु हुन तपसिल बमोजिमका कागजात यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गरेकोछु ।

**निवेदन साथ संलग्न कागजातहरु**

(क) निवेदकको नागरिकता/अघिल्ला दुई बच्चाको जन्मदर्ता / विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि, जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि/वडा कार्यालयको सिफारिस/आमा वुवा नभएको हकमा निवेदकको नाता प्रमाणितको प्रतिलिपि/ वैङ्कको चेकको सक्कल पाना ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरौं, स्याङ्जा
२०७३

निवेदक

दस्तखत :

नाम/थर :

ठेगाना :

सम्पर्क नं. :

आज्ञाले,

भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत